☎ : 081-523641, 520338, 520316
टोलफ्री नं : 16608152052
फयाक्स नं 081-520240

# नेपालगंज उप–महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**नेपालगञ्ज, बांके**

**लुम्बिनी प्रदेश, नेपाल**

## औषधी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आहवानको सूचना

**(सूचना प्रकाशित मिति : २०७८।०३।२३)**

**सूचना नं. : १(MFNY)०७७।०७८ (स्वास्थ्य)**

यस उप–महानगरपालिकाको लागि आवश्यक औषधि सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक ब्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७६/०७७ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको सिलबन्दी दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने ब्यवस्था गरिएको छ। यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ग-१-१-४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई सिलबन्दी कागजात साथ **upload** गर्नु पर्नेछ । साथै **Hard copy** दर्ताको लागी सोही बेवसाइटबाट दरभाउपत्र डाउनलोड गरि कार्यालयमा दर्ता गर्न सकिनेछ ।

२. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ

३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ रू.५०,०००।००. (अक्षरुपी पचास हजार मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि, स्थित यस कार्यालयको धरौंटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरको भौचर वा मान्यत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको, प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ अनुसार हुने रकम बरावरको धरौटी यस उप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगँज स्थित धरौंटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

७. औषधि खरिद गर्दा **GMP Certified Company** बाट उत्पादित औषधिहरू मात्र खरिद गरिने छ । बोतलमा सप्लाई हुने औषधिहरू प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरू स्ट्रीपमा हुनुपर्नेछ ।

८ खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरू स्वीकार गरिने छैन ।

९. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरूको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरुमा **निःशुल्क वितरणका लागि** भन्ने अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।

१०. औषधी सप्लाई गर्ने कम्पनीले फर्महरूको नाममा औषधिहरूको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

११. सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रहरू मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ

१२. अन्य हकमा कानुन बमोजिम हुनेछ थप जानकारीको लागि कार्यालयको फोन .०८१-५२०३१६ मा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | सूचना नं. | बिवरण | दरभाउपत्र दस्तुर | जमानत रकम | लागत अनुमान रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | १(MFNY)/ २०७७–७८ (स्वास्थ्य) | औषधी खरिद | रू.१०००। | रू.५०,०००। | रू.१९,९८,६९४।५२ (अक्षेरुपी उन्नाइस लाख अन्ठानब्बे हजार छ सय चौरानब्बे रुपैया बाउन्न पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**